नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् समन्वय शाखा)
सिंहदरबार, काठमाडौं

email:cdms.mofaga@gmail.com

पत्र संख्या:-वा.त.वि.स.शा/२०८२/०८३
चलानी नं.:- २०

मिति:२०८२/५/०६
नेपाल संवत् ११४५ गुंलागा

श्री काठमाडौं महानगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काठमाडौं प्लाजा, काठमाडौं ।

विषय: सरसफाई सम्बन्धमा ।

श्री परराष्ट्र मन्त्रालयको प.सं प्रो/प्रो-एस/०८२-८३/८.१.३ च.नं १४११ मिति २०८२/५/५ अत्यन्त जरुरी/गोप्य विषयक पत्रको छाँया प्रति पाना १ यसैसाथ संलग्न छ । पत्रको व्यहोरा वमोजिम २०८२ भदौ ७ गते (तदनुसार २३ अगष्ट २०२५) देखि २०८२ भदौ ९ गते (तदनुसार २५ अगष्ट २०२५) सम्म अति विशिष्ट अतिथिको भ्रमण मार्गको सरसफाईमा आवश्यक समन्वय र सहजीकरण गरिदिन हुन निर्णयानुसार अनुरोध छ ।

५/०६
(जय राम उप्रेती)
शाखा अधिकृत

वोधार्थ
श्री परराष्ट्र मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

Scanned with CamScanner

नेपाल सरकार

# परराष्ट्र मन्त्रालय

काठमाडौं, नेपाल

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६२५
दर्ता मितिः- ५।५

शिष्टाचार महाशाखा

प. सं.: प्रो/प्रो-एस/०८२-८३/८.१.३
च. नं.: १४११

मितिः २०८२/५/५
ने.सं. ११४५

श्री वातावरण तथा विपद् व्यवस्थापन शाखा
०८२।५।६

**अत्यन्त जरूरी /गोप्य**

श्रीमान् सचिवज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार।

महोदय,

सम्माननीय उपराष्ट्रपति श्री रामसहाय प्रसाद यादवज्यूको मैत्रीपूर्ण निमन्त्रणामा यही २०८२ भदौ ०७ देखि ०९ (तदनुसार २३-२५ अगष्ट २०२५) सम्म मित्रराष्ट्र भियतनामका उपराष्ट्रपति H.E. Ms. Vo Thi Anh Xuan नेपालको औपचारिक भ्रमणमा आउनुहुने कार्यक्रम रहेको व्यहोरा श्रीमान्मा अवगत नै छ। अति विशिष्ट अतिथि २०८२ भदौ ०७ (तदनुसार २३ अगष्ट २०२५) का दिन Thai Airlines को उडान नं. TG 319 वाट अपरान्ह १२:२५ बजे काठमाडौं आइपुग्नु हुने र २०८२ भदौ ०९ (तदनुसार २५ अगष्ट २०२५) का दिन Thai Airlines को उडान नं. TG 310 को उडानबाट २३:३० बजे काठमाडौंबाट हनोई, भियतनामको लागि वैंकक प्रस्थान गर्नुहुने कार्यक्रम रहेको व्यहोरा अनुरोध गरेको छु।

महामहिम उपराष्ट्रपतिज्यूको प्रस्थान र स्वदेश फिर्तीको समयमा तोकिएको सवारी मार्गमा आवश्यक सरसफाईको व्यवस्थाका लागि सम्वन्धित निकायमा निर्देशन हुन निर्देशानुसार अनुरोध गरेको छु ।

(कुमारराज खरेल)
शिष्टाचार महापाल

श्री योजना तथा सहायता समन्वय महाशाखा
२०८२।५।५

**बोधार्थ तथा कार्यार्थः**
श्री काठमाडौं महानगरपालिका
काठमाण्डौ प्लाजा।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९८८
दर्ता मितिः- ०८२।५।५

Scanned with CamScanner